# मुख्य न्यायाधिवक्ताको कार्यालय

## कोशी प्रदेश विराटनगर, नेपाल

प.सं.:-२०८३/०८४
च.नं.:-

मितिः

**घरभाडा लिने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मितिः-२०८३/०५/०५**

यस मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश, विराटनगरमा कार्यरत कर्मचारीको आवास प्रयोजनका लागि घरभाडामा लिनु पर्ने भएकोले सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को दफा (९) अनुसार घरभाडा लगाउन इच्छुक व्यक्ति, फर्म वा कम्पनीले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा शिलबन्दी दरखास्त पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

१. घरभाडा लिन चाहेको निकायको नाम र ठेगानाः- मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश विराटनगर।

२. घरजग्गा आबश्यक भएको क्षेत्र वा स्थानः- विराटनगर महानगरपालिका वार्ड नं-०४ बरगाछी चोकबाट २ कि.मी परिधि भित्र।

३. भाडामा लिन खोजेको घरजग्गाको प्रकृति क्षेत्रफल र अन्य आबश्यक विवरणः-
   क. पक्कि घर
   ख. कम्तिमा ८ कोठा भएको (भान्सा कोठा समेत)
   ग. शौचालय, खानेपानी तथा विद्युतको सुबिधा राम्रो भएको।
   घ. कम्तिमा १ वटा चार पांग्रे र ५ दुई पांग्रे सवारी साधन पार्किङ हुने गरी कम्पाउण्ड वाल तथा गेटको व्यवस्था भएको घर।
   ङ. घरसम्म पुग्ने पक्कि सडक सुबिधा भएको।

४. घरभाडा निर्धारण सम्बन्धी व्यवस्थाः- घर भाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा मात्र घरजग्गा भाडामा लिईने।

५. घर धनीले प्रस्ताव पेश गर्ने तरिका र प्रस्तावसाथ पेश गर्नुपर्ने न्यूनतम् विवरणः-
   क. घरभाडा दिने सम्बन्धी मासिक भाडा दर उल्लेख भएको निवेदन
   ख. घरधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
   ग. घरधनीको जग्गाधनी प्रमाणपत्र पुर्जाको प्रतिलिपि, घरनक्सा सम्पन्न प्रमाणपत्रको प्रतिलिपि
   घ. चालु आ.व.को एकीकृत सम्पति करचुक्ताको विवरण
   ङ. अन्य आवश्यक कागजात

६. घरभाडा भुक्तानीका शर्तहरु र करकट्टीको विषयः
   क. घरभाडा मासिक रुपमा वैंक खातामा नियमानुसार करकट्टी गरि मात्र उपलब्ध हुनेछ ।
   ख. अन्य पालना गर्नुपर्ने शर्तहरुदुई पक्षिय सम्झौता (करारनामा) गरि गरिनेछ ।

७. घर भाडा लिने वा नलिने सम्बन्धमा अन्तिम निर्णय यस कार्यालयको हुनेछ ।

८. प्रस्ताब दाखिला गर्नुपर्ने स्थानः मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश विराटनगर।

२०८३/०५/०५
सहायक न्यायाधिवक्ता

फोन नं.:- ०२१-५७०६२८/९०७ इमेलः-info.cao@koshi.gov.np/chiefattorney.province1@gmail.com
वेबसाइटः- cao.koshi.gov.np